# फिदिम नगरपालिकाको कार्यालय

## पाँचथर

प्रथम पटक सूचना प्रकाशन मिति
२०७७/१२/२३

व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा दर्ता शिविरका लागि परामर्श सेवा उपलब्ध गराउने आशय पत्र पेश गर्ने सम्वन्धी सूचना

यस कार्यालयबाट व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा दर्ता शिविर संचालन सम्वन्धी परामर्श सेवा उपलब्ध गराउन इच्छुक प्रचलित कानून अनुसार दर्ता भएका देहायका योग्यता पुगेका संघ, संस्थाहरुबाट उक्त सेवा उपलब्ध गराउने सम्वन्धी आशयपत्र आह्वान गरिएको छ । योग्यता पुगेका इच्छुक संस्थाहरुले यो सूचना प्रकाशित भएको पन्ध्र (१५) दिन भित्रमा (अन्तिम दिन बिदा परे सो को भोलीपल्ट) कार्यालय समयमा फिदिम नगरपालिको कार्यालयमा आईपुग्ने गरी निर्धारित ढाँचामा आशयपत्र पेश गर्न सकिनेछ । य्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा सम्वन्धी दर्ता शिविरको कार्य विवरण (TOR)/आशयपत्रको ढाँचा एवं अन्य थप आवश्यक कुराहरु यस फिदिम नगरपालिकाको वेभसाईट www.phidim mun gov.np मा राखिएको छ ।

१. आशयपत्रदाताको योग्यता (क)अनुभवः कम्तिमा तीन वर्ष अगाडी समाज कल्याण परिषद/जिल्ला प्रशासन कार्यालयमा दर्ता भई व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा दर्ता सम्बन्धी कार्य गरेको हुनुपर्नेछ ।

(ख) प्रस्तावित कार्यक्रमसंग मिल्ने कार्यको अनुभव भएकोलाई प्राथमिकता दिईनेछ ।

२. आशयपत्रदाताको क्षमताको विवरण (क) आर्थिक क्षमता

(ख) भौतिक पूर्वाधार क्षमता

(ग) उपलब्ध जनशक्तिको योग्यता र क्षमता

३. आशयपत्रदाताले आशयपत्र साथ आशय पत्रको नमूनामा उल्लेख भए बमोजिमका विवरण प्रमाणित गर्ने प्रमाणित कागजातहरु पेश गर्नुपर्नेछ ।

४.आशय पत्र पेश गर्ने स्थानः फिदिम नगरपालिकाको कार्यालय पाँचथर

५.आशय पत्र तयार गर्ने निर्देशन आशयपत्रको ढाँचामा नै समावेश गरिएको छ उक्त निर्देशन पालना नभएको आशय पत्र उपर कारवाही गरिने छैन ।

६. उल्लेखित कार्यक्रमको सम्पूर्ण परामर्श सेवा एउटै परामर्शदाताबाट दिनु पर्नेछ ।

७. यो सेवा प्रदान गर्नको लागि कुनै व्यक्ति वा संस्थासंग उप संझौता गर्न पाईने छैन ।

८. आवश्यक थप जानकारीका लागि सम्पर्क गर्ने ठेगाना फिदिम नगरपालिकाको कार्यालय पाँचथर मोवाईल नं. ९८५२६२३१११ मा सम्पर्क गर्न सकिनेछ ।